





# CTEVT
## NEWS BULLETIN

२०७८ वर्ष: १९ अङ्क: १







## यस अंकका आकर्षण

सम्पादकीय
समाचार तथा गतिविधि
परियोजनाका गतिविधि
सफलताको कथा
विविध

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www.ctevt.org.np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री अनील मुनी बज्राचार्य

श्री चन्द्र प्रसाद भट्टराई

**कम्प्यूटर डिजाईन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री संगिता लामिछाने

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फ्याक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt .org .np

website: www .ctevt .org .np

प्रकाशन मितिः २०७८ आषाढ

# सम्पादकीय

आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्थापन तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त संस्थाको रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमहरूको विकास, विस्तार समतामुलक पहुँच, गुणस्तरको प्रत्याभूति, पाठ्यक्रमको निर्माण तथा परिमार्जन, स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरूको क्षमता अभिवृद्धि, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै सरोकारवाला निकायहरू विच समन्वय तथा सहकार्य गर्दै आएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विना देश विकास असंभव प्राय हुने भएकोले नेपालको संविधानको भाग ३ को धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीतिगत व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न परिषद्ले विद्यमान जनशक्ति, भौतिक संरचना तथा साधन स्रोतको अधिकतम परिचालन मार्फत गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्दै आएको छ ।

विगत तीन दशक भन्दा बढी समयदेखि परिषद्ले विभिन्न लामो तथा छोटो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरू सञ्चालन गरी उल्लेख्य संख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्बाट उत्पादित जनशक्तिले स्वदेश तथा विदेशमा रहेर प्राविधिक ज्ञान र सीप प्रदर्शन गरी जिविकोपार्जन गर्दै आइरहेका छन् । यसका साथै भौगोलिक विकटता, प्राकृतिक प्रकोप तथा २०७२ को भुकम्प पछिको पुर्ननिर्माण र कोरोनाको महामारीमा समेत कृषि, स्वास्थ्य, पर्यटन तथा इन्जिनियरिङ् क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याउँदै आएको कुरा सर्वविदितै छ । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरू मार्फत युवा तथा लक्षित समुदायको क्षमता विकास तथा उद्यमशीलता अभिवृद्धि गरी सिक-कमाउ-तिर (Learn, Earn & Pay) को अवधारणा अनुसार आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकारको साझा राष्ट्रिय आकांक्षा अनुरूप **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन सोचलाई मूर्तरूप दिन प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकहरूको समतामुलक र समावेशी पहुँच पुऱ्याई श्रम बजारको माग अनुसारको गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधि मैत्री दक्ष जनशक्तिको उत्पादन गरी दिगो विकासका लक्ष्यहरू पुरा गर्न परिषद् प्रतिवद्ध रहेको छ । प्राविधिक शिक्षालाई गरी खाने शिक्षाको रूपमा विकास गरी बदलिदो परिवेश सुहाउँदो गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्न परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा प्रस्तावित ऐनमा थप अधिकार सम्पन्न एक स्वायत्त निकायको रूपमा परिषद्लाई स्थापित गर्दै जानु आजको प्रमुख आवश्यकता रहेको छ ।

# प्राविधिक प्रशिक्षण प्रतिष्ठानको सूचना प्रविधि भवनको समुद्घाटन




> "समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सङ्कल्प तीव्र गतिका साथ पूरा गर्न प्राविधिक शिक्षाको प्रवर्द्धन तथा विस्तार अनिवार्य"
>
> \- प्रधानमन्त्री




प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) को २९ औँ वार्षिकोत्सवका अवसरमा आयोजित समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले मित्रराष्ट्र कोरिया सरकारको सहयोगमा निर्मित सुविधा सम्पन्न सूचना प्रविधि भवनको मिति २०७८ बैशाख १६ गते उद्घाटन गर्नुभएको थियो । प्रधानमन्त्री ओलीले सो अवसरमा समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सङ्कल्प तीव्र गतिका साथ पूरा गर्न प्राविधिक शिक्षाको प्रवर्द्धन तथा विस्तार अनिवार्य भएको बताउनुभएको थियो । प्राविधिक प्रशिक्षण प्रतिष्ठान परिसरमा नवनिर्मित सूचना प्रविधि भवनको भर्चुअल माध्यमबाट समुद्घाटन गर्दै सरकारले नागरिकलाई जीवन उपयोगी शिक्षा दिन हरेक क्षेत्रबाट लागिपरेको उहाँले स्पष्ट पार्नुभयो । शिक्षा प्राप्त गरेकाहरूलाई आफ्नो शैक्षिक प्रमाणपत्र आफै समस्या नबनोस् बरु त्यो प्रमाणपत्रलाई व्यक्ति समाज र राष्ट्रलाई नै उपयोगी ढङ्गले योगदान पुऱ्याउन सकिनेगरी प्राविधिक शिक्षाको प्रवर्द्धनमा देश लागिरहेको उहाँले बताउनुभयो । कोरियाली सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)को अनुदान सहयोगमा यो भवन निर्माण गरिएको हो । कोरियाले नेपाललाई उपलब्ध गराएको ५० लाख अमेरिकी डलरको प्राविधिक सहायताअन्तर्गत भवन निर्माणसँगै प्रशिक्षकको गुणस्तर अभिवृद्धि गर्ने र खासगरी उनीहरूलाई सूचना प्रविधिसँग अभ्यस्त गराउने उद्देश्य प्रतिष्ठानको छ। नवनिर्मित भवनमा ई-पुस्तकालयको समेत व्यवस्था छ। ई-पुस्तकालय अन्तर्गत पुस्तकालय प्रवर्द्धन प्रणालीमार्फत प्रयोगकर्ताहरूलाई शैक्षिक सामग्री प्रदान गर्ने लक्ष्य पनि परियोजनाको छ । सरकारले निर्धारण गरेका स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पुरागरी आयोजना गरिएको सो कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्ण गोपाल श्रेष्ठ, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलिया, परिषदका सदस्य-सचिव पुष्परमण वाग्ले, नेपालका लागि कोरियाका राजदूत, कोइकाका प्रतिनिधि, प्रतिष्ठानका अध्यक्ष, कार्यकारी निर्देशक, परिषद्का निर्देशकहरु लगायतको सहभागिता रहेको थियो।

प्रतिष्ठानले विगत दुई दशकभन्दा बढी समयदेखि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम दिँदै आएको छ। अहिलेसम्म ३३ हजारभन्दा बढी व्यक्तिले प्रतिष्ठानमार्फत व्यावसायिक तालिम पाइसकेका छन्।

❖❖❖

# परिषद्को ३३ औं वार्षिकोत्सव सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को केन्द्रिय कार्यालय, सानोठिमी, भक्तपुरमा २०७७ फागुन १२ गते परिषद्को ३३ औं वार्षिक उत्सव कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम लिएका व्यक्तिको राष्ट्र निर्माणमा महत्वपूर्ण जिम्मेवारी लिने हुँदा उक्त क्षेत्र सञ्चालनको कार्यभार लिएका व्यक्तिले नेतृत्वदायी भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो। मन्त्री श्रेष्ठले प्राविधिक शिक्षाको पहुँच विस्तारले आम विद्यार्थी लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उषा भाले सबै प्रकारको समस्याको समाधान प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम भएको बताउनु भयो। मुलुकमा समृद्धि हासिल गर्नका लागि बलियो आधार भनेकै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम भएको र आगामी २५ वर्षमा मुलुकलाई कुन अवस्थामा पुऱ्याउने भन्ने कुरामा प्राविधिक शिक्षा नीतिले निर्धारण गर्ने डा. भाले बताउनु भयो। हाल विभिन्न मन्त्रालयमा छरिएर रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कार्यक्रमलाई एकीकृत गर्नका लागि प्राविधिक शिक्षा ऐनको जरुरी रहेको र त्यसका लागि आफुले पर्याप्त पहल गर्ने उहाँले प्रतिवद्धता जनाउनु भयो।

कार्यक्रममा परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई सार्थक बनाउन प्राविधिक तथा



व्यावसायिक शिक्षा र तालिमले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्र विस्तारका लागि बृहत रणनीति अवलम्बन गरिनुपर्ने बताउनुभयो। परिषद्का सदस्य सचिव डा. पुष्प रमण वाग्लेले सीटीईभीटीबाट उत्पादित जनशक्तिमध्ये ७५ प्रतिशत रोजगारीमा लागेको र विपन्न वर्गको पहुँचका लागि छात्रवृत्ति लगायतका कार्यक्रम सञ्चालन गरिएको प्रसङ्ग उल्लेख गर्दै दक्ष प्रशिक्षक कर्मचारीहरुको अभाव चुनौतीको रुपमा रहेको बताउनुभयो। कार्यक्रममा उत्कृष्ट कार्य सम्पादन गर्ने ५ जना परिषद्का कर्मचारीलाई पुरस्कृत गरिएको थियो। परिषद्का विभिन्न आङ्गिक शिक्षालयका प्रशिक्षार्थीहरुद्वारा निर्मित वस्तु तथा सेवाको अवलोकनको व्यवस्था कार्यक्रम स्थलमा राखेर प्रदर्शनी गरी कार्यक्रम भव्य र सभ्य रुपमा सम्पन्न भएको थियो। कार्यक्रम सञ्चालन सूचना तथा अनुसन्धान महाशाखाका उप-निर्देशक अनील मुनी बज्राचार्यले गर्नुभएको थियो।

❖❖❖



# समृद्ध राष्ट्रका लागि TVET मा सुधारः राष्ट्रिय सेमिनार सम्पन्न




प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले TEVT क्षेत्रका नीति निर्माता, विज्ञ, उद्योगी/व्यावसायी, शिक्षाविद् तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा 'राष्ट्रिय समृद्धिका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको सुधार' विषयक एक दिवसीय राष्ट्रिय सेमिनार आयोजना गरिएको थियो।

२०७७ चैत्र २७ गते सम्पन्न उक्त सेमिनारका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका सदस्य डा. उषा झाले पछिल्लो समय पहुँच वृद्धिका नाममा भैरहेका संस्था विस्तारको होडले तालिमको गुणस्तर तर्फ ध्यान पुऱ्याउन नसकेको बताउनुभयो। संस्थागत विस्तार र क्षमताको तुलनामा विद्यार्थीको भर्नादर न्यून भएकाले प्राविधिक तथा व्यावसायिक शिक्षाको सान्दर्भिकतामा प्रश्न उठेको डा. झाले बताउनु भयो।

सेमिनारमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी) का संस्थापक तथा काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. सुरेशराज शर्माले नेपालमा बेरोजगारी समस्या समाधानका लागि शिक्षाभन्दा सीप बढी महत्वपूर्ण भएको र युवालाई गुणस्तरीय प्राविधिक शिक्षा दिई रोजगारी प्रदान गर्नु आजको प्राथमिकता हुनुपर्ने कुरामा जोड दिनुभयो। शिक्षालाई हेर्ने दृष्टिकोण पुनर्विचार गरिएन भने यसले विकास र समृद्धिमा टेवा नपुग्ने डा. शर्माको जिकीर रहेको थियो। "हामी कहाँ योजना बने पनि कार्यान्वयन पक्ष अत्यन्त कमजोर छ। त्यसैले योजना तयारीमै प्रसस्तै ध्यान दिनुपर्दछ", उहाँको जोड थियो।



राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. दिनेश चन्द्र देवकोटाले प्राविधिक शिक्षामा प्रविधिलाई अंगिकार गर्न नसकेका कारण उत्पादित जनशक्ति श्रम बजारको मागभन्दा विपरित हुने गरेको बताउनु भयो। बजारको माग एकातर्फ रहेको तर जनशक्तिको उत्पादन सोही अनुसार नरहेकाले यस क्षेत्रमा पर्याप्त सुधारको आवश्यकता रहेको डा. देवकोटाले औंल्याउनु भयो।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. श्रीकृष्ण गिरीले अन्तर ाष्ट्रिय स्तरको शिक्षा दिनु आवश्यक रहेको र एकपटक तालिम प्राप्त प्राविधिकले पनि समय-समयमा आफ्नो शिक्षा र सीपलाई पुनर्ताजगी गर्नुपर्ने बताउनु भयो।

कार्यक्रममा शिक्षा मन्त्रालयका सहसचिव डा. हरि लम्सालले सिटिइभिटी पुनर्संरचनाको क्रममा रहेको बताउनु भयो। "संरचना परिवर्तनले मात्रै समस्या समाधान नभई भएका प्रावधानको प्रभावकारी कार्यान्वयनमा जोड दिनु महत्वपूर्ण पक्ष हो", डा. लम्सालले भन्नुभयो। कोलम्वो प्लान स्टाफ कलेजका कार्यकारी निर्देशक तथा परिषद्का पूर्व सदस्य सचिव डा. रामहरि लामिछानेले सिटिइभिटीको प्रमाणपत्रले राष्ट्रिय मात्र नभइ अन्तर्राष्ट्रिय मान्यता पाउनु जरुरी रहेको र अब प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक शिक्षालयहरुमा मर्जर नीति अपनाउनु आवश्यक रहेको सुझाव सहित प्राविधिक शिक्षा गुणस्तरीय र अनुसन्धानमा आधारित हुनुपर्ने बताउनु भएको थियो।

परिषद्का सदस्य सचिव डा. पुष्परमण वाग्लेले आधारभूत, मध्यम र उच्चस्तरीय सीपयुक्त जनशक्ति उत्पादनमा सिटिइभिटी अहोरात्र खटिरहेको जानकारी गराउनु भयो। "विज्ञ, नीति निर्माता, उद्योगी/व्यावसायी र युवाको संलग्नता र सहयोगमा राष्ट्रको विकासका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (टिभेट) को बलियो उपस्थिति आवश्यक रहेको, सिटिइभिटीका विविध क्रियाकलापबारे जानकारी दिँदै उहाँले बदलिँदो परिस्थितिमा सिटिइभिटीको ऐन परिमार्जन गर्नु उत्तिकै आवश्यक रहेको, स्मार्ट प्रविधिको समयमा पनि हाते मेशिनमा भर पर्नुपर्ने, आवश्यक मेशिन, औजारको कमी, वैदेशिक रोजगारको आवश्यकता अनुसार पाठ्यक्रममा सुधार नहुनु सिटिइभिटीका प्रमुख चुनौती रहेको डा. वाग्लेले बताउनु भयो।

गोष्ठीमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका विविध पक्षमा विभिन्न चारवटा कार्यपत्र प्रस्तुत भएका थिए। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शङ्कर शर्माले 'अतिकम विकसित देशको रुपान्तरणका लागि सीपयुक्त जनशक्ति उत्पादन', नेपाल सरकारका सचिव गोपीनाथ मैनालीले 'सङ्घीय संरचनामा टिभेटको व्यवस्थापन', नेपाल उद्योग परिषद्का उपाध्यक्ष एवं उद्योगी वीरेन्द्रराज पाण्डेले 'टिभेटको गुणस्तर विकासमा निजी क्षेत्रको सहभागिता' र डा. हरि प्रधानले 'रोजगारी र शैक्षिक उन्नयनका लागि टिभेट प्रणालीमा संरचनागत सुधार र सहजीकरण' विषयमा प्रस्तुति दिनुभएको थियो। उक्त कार्यक्रममा सम्बन्धित विज्ञहरुबाट टिप्पणी गरिएको थियो । उक्त अवसरमा प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उषा झाले १५ वटा अनुसन्धानमूलक लेख सहितको TVET Journal-2021 विमोचन गर्नुका साथै गीतकार रमण घिमिरेद्वारा रचित CTEVT गानको प्रथम श्रवण गराउनु भएको थियो।

❁❁❁

# सीप नक्साङ्कन प्रतिवेदन हस्तान्तरण

देशको प्रमुख चुनौतीका रुपमा रहेको वेरोजगारी र गरिवी न्यूनीकरणको लागि सीपयुक्त दक्ष प्राविधिक जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु आवश्यकता पर्दछ। प्रविधिमा आउने परिवर्तन सँगै बदलिने श्रम बजारको माग अनुरुप प्राविधिक जनशक्ति उत्पादन गर्न नसकिएको कारण एकातर्फ उत्पादित जनशक्ति बेरोजगार हुनुपर्ने र अर्कातर्फ उद्योगी, व्यावसायी र रोजगारदाताहरुको माग बमोजिमका विषय र क्षेत्रमा सीपयुक्त जनशक्तिको अभाव हुने अवस्था विद्यमान रहन्छ। आगामी दिनहरुमा श्रम बजारको माग अनुसार दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि कुन तह र क्षेत्रमा के कस्ता जनशक्तिको उपलब्धता छ र यस्ता जनशक्ति उत्पादनका लागि विद्यमान अवसरको अवस्थालाई चित्रण गरी सीप नक्सांङ्कन प्रतिवेदन पेश गर्न प्रा.डा. राजेन्द्र प्रसाद अधिकारीको संयोजकत्वमा गठित ७ सदस्यीय कार्यटोलीले तयार गरेको प्रतिवेदन, २०७७ परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीलाई हस्तान्तरण गरेको छ।

प्रस्तुत प्रतिवेदनमा देशका विभिन्न क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिमा रहेको सीपको विषयगत क्षेत्र र तह तथा आवश्यक पर्ने सीपको विषयगत क्षेत्र र तह अध्ययन गरी आगामी दिनमा आवश्यक पर्ने र मौजुदा सीपको विषयगत क्षेत्र र तह बीचको सामान्जस्यता कस्तो छ ? भन्ने वारेमा स्पष्टरुपमा चित्रण गरिएको छ। यसका साथै सीप नक्साङ्कनलाई भू-सूचना प्रणालीको आधारमा देखाउने प्रयास समेत गरिएको छ। विषय विज्ञहरुको प्रत्यक्ष संलग्नतामा नेपाल सरकारका विभिन्न निकायहरुबाट प्रकाशित प्रतिवेदन एवं तथ्याङ्कलाई आधारमानी तयार गरिएको उक्त प्रतिवेदनले देशको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न र तालिम प्रदायक संस्थाहरुलाई श्रमबजारको माग बमोजिमको प्राविधिक जनशक्ति उत्पादनका लागि आवश्यक सूचना प्रदान गर्न सहयोगी हुने देखिन्छ। यसबाट भविष्यमा श्रमबजारको माग र आपूर्ति बीच सन्तुलन कायम गरी देशको आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउन सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने अभियानमा सफलता मिल्ने विश्वास लिईएको छ।

❁❁❁



# परियोजनाका गतिविधिहरु

## नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P)

नेपालमा श्रम बजारमा प्रवेश गर्ने युवाहरु सीप तथा सोको प्रमाणीकरणको अभावमा वेरोजगार वा अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन्। औपचारिक तथा अनौपचारिक रुपमा शिक्षा तथा तालिम पाएका वा नपाएका, कामको अनुभवबाट सीप हासिल गरेका युवाहरुलाई मान्यता प्राप्त प्रमाणपत्रको साथै श्रम बजारमा रोजगारीको बृहत अवसर प्रदान गर्नका लागि नेपाल सरकारबाट राष्ट्रिय योग्यता प्रारुप (NQF) सहितको राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप (NVQF) स्वीकृत भैसकेको छ। स्वीस सरकार/स्वीस सरकार विकास सहयोग (SDC) ले नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको विकास र विस्तारको लागि नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P) मार्फत आर्थिक तथा प्राविधिक सहयोग गरिरहेको छ। नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा प्रणालीगत परिवर्तन ल्याउन कार्यरत दीर्घकालीन परियोजनाले सिमान्तकृत वर्ग सहितका महिला तथा पुरुषको रोजगार र स्वरोजगारको अवसरमा पहुँच विस्तार, आयमा बृद्धि र जीवनस्तरमा सुधार गर्दै गरिबी निवारण तथा समावेशी विकासको लक्ष्य लिएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत राष्ट्रिय सीप परीक्षण समितिमा रहेको यस परियोजनालाई स्वीस सरकार विकास सहयोगको तर्फबाट स्वीस कन्ट्याक्टले प्राविधिक सहयोग गर्दै आएको छ। परियोजनाको दोस्रो चरण (सन् २०२०–२०२४)ले पहिलो चरण (सन् २०१५–२०२०) लाई निरन्तरता दिएको छ। परियोजनाले उल्लेख्य प्रतिफल हासिल गर्न सफल भएको छ जसमा राष्ट्रिय योग्यता प्रारुप (NQF) सहितको राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप (NVQF) मन्त्रिपरिषद्बाट स्वीकृत हुनु हो।




*२०७७ बैशाख २१ गते नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय योग्यता प्रारुपको मूल ढाँचा



परियोजनाले करिब चार लाख युवाहरुसम्म पुग्ने लक्ष्य लिएको र विशेषगरी सामाजिक विभेदमा परेका समुदाय तथा महिलाहरु, रोजगारीको खोजीमा रहेका, विदेशबाट फर्केका र अनौपचारिक क्षेत्रका कामदारहरु प्राथमिकतामा पर्नेछन्। परियोजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रका नीति निर्माताहरु, उद्योगी/व्यावसायी, रोजगारदाता तथा यससँग सम्बन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली स्थापना गर्नको लागि सहयोग गर्नेछ।

### दोस्रो चरणका उपलब्धीहरु:

- पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning) बिधिबाट सीप परीक्षण गर्नका लागि १५ जना पूर्व सिकाईको मान्यताका काउन्सेलर र १५ जना मूल्याङ्कनकर्तालाई तालिम प्रदान गरिएको।
- रेडियो, एसएमएस र फेसबुकको प्रयोगबाट पूर्व सिकाईको मान्यता विधीबारे बैदेशिक रोजगारीबाट फर्किएका युवा तथा अन्य व्यक्तिमा सूचना सम्प्रेषण गरिएको। पूर्व सिकाईको मान्यता विधीको जानकारीमूलक सामग्री संघीय र प्रदेश स्तरका सरोकारवाला सहित ७५३ वटै स्थानीय तहमा वितरण गरिएको।
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) कार्यान्वयन मार्गचित्र (रोडम्याप) निर्माण भएको।
- प्रदेश तहमा सेवा विस्तारको लागि प्रदेश १ र बागमती प्रदेशमा सामाजिक विकास मन्त्रालयको हाताभित्र परियोजनाको इकाइ कार्यालय स्थापना गरी कार्य प्रारम्भ गरेको।

- सातै प्रदेशमा प्रमाणिकृत सीप परीक्षण केन्द्रहरु विस्तार भएको । हाल ४६ वटा प्रमाणिकृत केन्द्रहरु सञ्चालनमा रहेका ।
- विद्यमान राष्ट्रिय पेशागत सीप प्रमाणिकालाई राष्ट्रिय दक्षता मापदण्ड (National Competency Standard- (NCS) मा रुपान्तरण गर्ने कार्य प्रारम्भ भएको । हालसम्म ६ ओटा रुपान्तरण भईसकेको छन् भने ३० ओटा हुने क्रममा रहेका छन् ।
- अतिथि सत्कार, निर्माण र अटोमोबाइलको क्षेत्रमा बनेका क्षेत्रगत सीप समितिहरु (Sector Skills Committees-SSCs) का सदस्यहरु राष्ट्रिय दक्षता मापदण्ड वा राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (National Occupational Skill Standard–NOSS) निमार्णमा सहभागी भएका ।
- हालसम्म दश ओटा राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका बनेका छन् र १४४ ओटा मूल्याङ्कन प्याकेज (Test Item) निर्माण तथा परिमार्जन भएका छन् ।




## ENSSURE परियोजना

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौतामा स्थापित परियोजना हो । यो प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)मा HELVETAS को प्राविधिक सहयोगमा सञ्चालित छ । परियोजनाको उद्देश्य औद्योगिक प्रशिक्षार्थी तालिम (Dual VET Apprenticeship) र ओजेटी सहितको तालिम (Dual VET On–the–Job–Training) मार्फत दिगो TVET प्रणाली स्थापना गर्नु हो जसले युवाहरूका लागि दुई विभिन्न स्थानहरूमा शिक्षा र तालिमका अवसरहरू प्रदान गर्दछ । यसले कार्यक्षेत्रमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षामा व्यवसायी र उद्योगीहरूको महत्वपूर्ण भूमिकालाई मान्यता दिईरहेको छ । परियोजनाले उपलब्ध TEVT का अवसरहरूको बारेमा अभिमुखीकरण गर्न युवाहरूलाई स्कूलहरूमा वृत्तिविकास मार्गदर्शन गरेको छ ।

यस वर्षको सुरूमा औद्योगिक प्रशिक्षार्थीहरुको पहिलो समूहले परीक्षा उत्तीर्ण गरिसकेपछि धेरै जनाले आफु प्रशिक्षण लिँदै आएको कम्पनीमा नै रोजगारी पाएका छन् । पहिले छोटो अवधिको पाठ्यक्रममा अध्ययन गर्न इच्छुक हुने विद्यार्थीहरूले अहिले Dual VET–Apprenticeship गर्न चासो देखाएका छन् । ४० वटा सिटको लागि आह्वान गरेकोमा २००-२५० जना आवेदनहरु परेका थिए ।





सुरुमा कम्पनीले प्रशिक्षार्थीहरु राख्न र न्यूनतम पारिश्रमिक तिर्नुपर्ने कारण यो कार्यक्रम सफल हुन्न की जस्तो थियो । उनीहरूले यस कार्यलाई सामान्य इन्टर्नशीपसँग तुलना गरे। जब प्रशिक्षार्थीहरूको पहिलो समूहलाई उद्योगको मागका आधारमा नभई परियोजनाको दवाबमा उद्योगहरूमा पठाइएको थियो । महिला प्रशिक्षार्थीहरू राख्नका लागि धेरै अनुरोध गर्नुपरेको थियो । जब प्रशिक्षार्थीहरूले अभ्यास सुरू गरे, कम्पनीहरूले महसुस गरे कि उनीहरू त कम्पनीमा आवश्यक कुशल मानव संसाधन रहेछन्, जो उनीहरू नियमित कामदारहरूको बराबरी काम गर्न सक्षम थिए। त्यसपछिको ब्याचहरूमा कम्पनीहरूले आफै संस्थाहरूबाट प्रशिक्षार्थीको माग गर्न थाले र मागेको संख्यामा प्रशिक्षार्थीहरु पाउन नसकेको गुनासो गरे। यी प्रशिक्षार्थीहरु अहिलेको कोभिड-१९ को महामारीमा समस्यामा परेका धेरै होटलहरूको लागि राहतको रुपमा कार्य गरेका छन् ।

औद्योगिक प्रशिक्षण लिएका मेकानिकल ईन्जिनियरिङ्गका महिला प्रशिक्षार्थीलाई त्यही कम्पनीमा सुपरवाइजरमा नियुक्त गरिएको छ । अन्य प्रशिक्षार्थीहरूले आफ्ना समुदायमा आफ्नो सकारात्मक अनुभव सुनाएका छन् । दुई पुरुष प्रशिक्षार्थीहरूले कालीकोटमा आफ्नै कार्यशाला सुरु गरेका छन् । उनीहरूको प्रगति देखेर जाजरकोट, जुम्ला जस्ता दुर्गम क्षेत्रहरूबाट पनि यो कार्यक्रमको माग आएको छ। तेस्रो ब्याचमा ६०% विद्यार्थीहरु अघिल्लो ब्याचका विद्यार्थीका सिफारिशमा भर्ना भएका छन्।

कार्यक्रमको सफलता देखेर, ENSSURE परियोजनाले संस्था र उद्योगसँग समन्वय गरेपछि कम्पनीका प्रशिक्षकहरू (in–company trainers) को प्रशिक्षणको आवश्यकता महशुस भयो । परियोजनाले सबै प्रदेशहरुमा कम्पनीका प्रशिक्षकहरूलाई विद्युतीय माध्यमबाट प्रशिक्षण दिइरहेको छ। तालिमको उद्देश्य Dual VET–Apprenticeship र यस कार्यक्रमको सफलताको लागि कम्पनीका प्रशिक्षकहरूलाई उद्योगमा आधारित प्रशिक्षणको योजना बनाउन, पर्फमेन्स गाईड निर्माण गर्न, सीप विकास निर्देशनहरू प्रदान गर्न र प्रशिक्षार्थीहरूको प्रदर्शन मूल्यांकन तथा आचरणको बारेमा प्रशिक्षण दिइएको छ।

## Career Guidance

वृत्ति परामर्श प्रशिक्षणले स्कूलहरुमा विद्यार्थीहरूलाई उपयुक्त वृत्तिविकास मार्ग छनौट गर्न, आवश्यक योग्यताहरूको बारेमा जानकारी प्राप्त गर्न र उत्साहका साथ कार्य गर्न सक्षम हुनेछन् ।

दुई शिक्षक र एक परामर्शकर्ताले वृत्ति परामर्श सत्र सञ्चालन गर्दछन् । ९ कक्षाका विद्यार्थीहरूको लागि छ वटा १२० मिनेटका सत्र आयोजना गरिन्छ । विद्यार्थीहरू १० कक्षामा पुगे पछि १२० मिनेटको फलो-अप सेसन आयोजना गरिन्छ।

यो मार्गदर्शन कार्यक्रमको प्रभावकारिता बिस्तारै बढ्दै गइरहेको छ । स्कूलहरूमा लागू हुने वृत्तिविकास मार्गदर्शन सत्रको माग बढ्दो छ। यस प्रशिक्षणको लागि कोष संकलन गर्न परियोजनाले स्थानीय सामाजिक विकास मन्त्रालय र विभिन्न पालिकाका मेयरहरूसँग समन्वय गरी यो सेवा लागू गर्न सबैले अग्रसरता बढाएका छन् । यस वर्ष स्थानीय सरकारबाट रू ५.२९ मिलियनको सह-कोष रकम प्राप्त भएको छ । यसले गत वर्षको ५३ वटा विद्यालयको तुलनामा यस बर्ष ८५ विद्यालयहरूमा यो सेवा विस्तार गर्न मद्दत पुऱ्याएको छ । कक्षा ९ र १० मा वृत्तिविकास मार्गदर्शन प्राप्त गर्ने विद्यार्थीहरूले थप अध्ययनका लागि विषय छनौट गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विषय छनौट गरेको पाइएको छ । यसले वृत्तिविकास निर्देशन सत्र र विद्यार्थीहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विषयहरु छनौटका बिच सम्बन्ध रहेको संकेत गर्दछ।

# पाइलट प्रमोदको यात्रा: इलेक्ट्रिसियन देखि इन्जिनियरसम्म



काठमाडौंको तारकेश्वर नगरपालिकास्थित नेपालटारका स्थायी बासिन्दा प्रमोद रेग्मीले त्रिचन्द्र क्याम्पसबाट स्नातकसम्मको अध्ययन पुरा गरेर पनि जागिर पाउने सम्भावना नदेखे पछि उनी प्राविधिक शिक्षा तर्फ मोडिए। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको मेकानिकल तालिम केन्द्र (हालको बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोनजी) बाट इलेक्ट्रिसियनको २ वर्षे तालिम लिएका उनी २०५१/५२ ब्याचको प्रशिक्षार्थी हुन्। इलेक्ट्रिकल ओभरसियर आफ्नो बुवाको प्रेरणा र झुकाव समेतले यिनको पाइला बालाजुतर्फ लम्कियो।

प्रमोद रेग्मी स्वदेशमा राम्रो अवसर नपाए पश्चात् अमेरिका पुगेर आफै प्लेन निर्माण गर्न सफल भएका छन्। सानै उमेरदेखि उनी प्लेन बनाउने सोच राख्थे। त्यसमाथि आफैंले बनाएको प्लेन उडाउने उनी पहिलो नेपाली पनि हुन्। पेशाले इन्जिनियर हुन् प्रमोद तर हवाईजहाज बनाउने र उडाउने सपनाले यिनको गन्तव्य पाइलट तर्फ मोडियो।

इन्जिनियर भएसँगै पाइलट बन्ने यात्रा सजिलो पक्कै थिएन यिनलाई। जागिर एकातिर अनि प्लेन निर्माण गर्नु बाल्यकालमा कागजको हवाइजहाज बनाएर उडाएको जस्तो पक्कै भएन। गहिरो अध्ययन, समय, सीप र ठूलो लगानी पश्चात एकदिन खाने मुखलाई जुँगाले छेक्दैन भन्ने उखान यिनको जीवनमा चरितार्थ भयो।

विगत १० वर्ष देखि अमेरिकाको एरिजोनामा बस्दै आएका प्रमोद त्यहाँकै एक अस्पतालमा इक्विपमेन्ट इन्जिनियरका रुपमा कार्यरत छन्।

यिनको जीवनमा आफैले प्लेन बनाउन सफल हुनुमा सीटीईभीटीले प्रदान गरेको तालिम महत्वपूर्ण ठान्दछन्। बालाजुको तालिम प्रति उनी भन्छन्, "एकदम खुसी र आत्मसन्तुष्ट छु। यो तालिम नलिएको भए काम पाउन गाह्रो हुन्थ्यो। यो तालिम धेरै राम्रो हो र अरूलाई पनि तालिम लिन सल्लाह दिन्छु।"

तालिम पश्चात २०५४ सालमा २३ वर्षको उमेरमा उच्च शिक्षा हासिल गर्ने उद्देश्यले उनी अमेरिका गए। अमेरिकामा इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक गरे। ग्रेजुएशन पश्चात स्वदेशमै आफ्नो सीप र क्षमता प्रयोग गर्न भन्दै नेपाल नफर्किएका पनि होइनन्। तत्कालीन माओवादी सशस्त्र द्वन्द्वका कारण संभावनाका क्षेत्र नदेखेपछि फेरी अमेरिका नै फर्किए। स्वदेशमा भएका उनका साथीहरु कोही विद्युत प्राधिकरणमा उच्च तहमा कार्यरत छन्, कोही विदेशमै छन् भने केही अमेरिकामै पनि रहेका छन्।

यस क्षेत्रमा हाल उनी धेरैको प्रेरणाको स्रोत बनेका छन्। उनीसँग धेरैले के गर्दा राम्रो हुन्छ भनेर सल्लाह पनि लिने गरेका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम लिनुपर्छ र केही सीप सिक्न जरूरी छ भन्ने सल्लाह उनले दिने गरेका छन्। उनले अमेरिकामै पाइलटको तालिम पनि दिन्छन्।

अमेरिकामा सफल भएपनि आफ्नो मुलुकका लागि केही योगदान पुऱ्याउनुपर्छ भन्ने ध्येय यिनमा छ। आफू मात्र बनेर हुँदैन, हाम्रो देश हामीले बनाउने हो त्यसैले विदेशमा गएर पैसा, ज्ञान र सीप कमाएर आफ्नै देशमा सेवा गर्नुपर्छ भन्ने धारणा लिएर अघि बढ्दै छन्। अहिलेको सफलता हासिल गर्न उनको जति समय खर्च भयो त्यति नै समय अरूको खर्च नहोस् र आफू जस्तै अरू धैरै व्यक्ति बनाउन पाए आफूले गरेको मेहेनत सार्थक हुने उनको धारणा रहेको छ। आफूले सिकेको सीप र ज्ञान भावी नेपाली पुस्तालाई हस्तान्तरण गर्न चाहन्छन् उनी।



उनको मासिक आम्दानी ७ लाख रुपैयाँ भन्दा पनि बढी छ। तर जीवनमा पैसाले मात्र सन्तुष्टि दिन नसक्ने भन्दै स्वदेशमा केही योगदानको पहल गरिरहेका छन्। आफूले सिकेको कुरा नेपाल र नेपालीलाई हस्तान्तरण गर्न चाहन्छन्। नेपालका विभिन्न व्यक्तिसँग मिलेर विभिन्न परियोजनाहरु सञ्चालनको तयारीमा समेत यिनी रहेका छन्। स्वदेशमा भएका जनशक्ति खपत गर्न सक्ने राष्ट्रको क्षमता भएमा दक्ष जनशक्ति विदेशिनु नपर्ने प्रमोदको बुझाई छ। उनको योजनाले छिट्टै सफलता पाओस् भन्ने शुभकामना!

# शिक्षालय परिचय

## टिकापुर बहुप्राविधिक शिक्षालय

वि.सं.२०६६ सालदेखि कैलाली जिल्ला टिकापुर नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आङ्गिक शिक्षालयको रुपमा टिकापुर बहुप्राविधिक शिक्षालय नियमित रहेको छ। परिषद्द्वारा विभिन्न विधामा लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमहरु सञ्चालनमा ल्याउने उद्देश्यका साथ स्थापना भएको हो। परिषद्का आङ्गिक शिक्षालयहरु मध्येबाट प्रत्येक प्रदेशमा एउटा नमूना बहुप्राविधिक शिक्षालयको रुपमा विकास गर्ने नेपाल सरकारको कार्यक्रम अनुसार यस शिक्षालयलाई २०७६ बाट नमूना वहुप्राविधिक शिक्षालयको रुपमा स्तरोन्नती गरिएको छ।

शिक्षालयमा सञ्चालित लामो अवधिका तीन वर्षे डिप्लोमा तहका कार्यक्रमहरु यसप्रकार छन् :

१. डिप्लोमा इन एग्रिकल्चर (पशुविज्ञान)

२. डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)





३. डिप्लोमा इन सिभिल इञ्जिनियरिङ्ग

४. डिप्लोमा इन फरेष्ट्रि

यस शिक्षालयले प्रशिक्षार्थीहरुको ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आईरहेको छ। जस अन्तर्गत अध्ययनबाट प्राप्त ज्ञानलाई सीप र सीपलाई उत्पादनसँग जोडी सिक, कमाउ र तिरको अवधारणालाई अबलम्बन गर्दै बिभिन्न उत्पादनमूलक कार्यक्रमहरु जस्तै अदुवा खेती, माछापालन, तरकारी खेती, कुखुरापालन, बंगुर पालन, फलफुल खेती औषधीजन्य जडीबुटी समेत उत्पादन गर्ने कार्य भईरहेको छ। त्यस्तै सक्षमता तथा दक्षता परियोजनाको सहयोग तथा सहकार्यमा यस शिक्षालयलाई उत्कृष्टताको केन्द्र बनाउन शिक्षालयको भौतिक तथा गुणस्तरीय शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न आधुनिक उपकरणको उपलब्धता, क्षमता अभिवृद्धि तथा ICT क्षेत्रका साथै यस क्षेत्रमा रहेका विभिन्न उद्योगी, व्यवसायी, संघसंस्था र कार्यालयहरुसँगको समन्वय तथा सहकार्यमा वृद्धि भई शिक्षालय भित्र एवं बाहिर प्रशिक्षार्थीहरुको ज्ञान र सीप अभिवृद्धि गर्ने कार्यहरु भईरहेका छन्। शिक्षालयको गुणस्तरमा अभिवृद्धि गर्न विभिन्न निजी तथा सरकारी क्षेत्रका उद्योगी, व्यवसायीहरु बीच सल्लाह सुझाव तथा अनुभव आदान प्रदान गर्ने कार्यहरु भईरहेका छन्।

❖❖❖

# अनुरोध

CTEVT News Bulletin मा यस अङ्कदेखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशित गरिने भएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं।

सम्पादक मण्डल


**वैदेशिक रोजगारबाट फर्केका तथा द्वन्द्व पीडित युवाहरुलाई सीपमूलक तालिमको आश्यकता पहिचान सम्बन्धी अध्ययन प्रतिवेदन, २०७८ अनुसार वैदेशिक रोजगारबाट फर्केका तथा द्वन्द्व पीडित युवाहरुको लागि सीपको आवश्यकता सम्बन्धी जानकारी।**

# Synopsis of Research: Skills Needs Assessment of Returnee Migrants


### Chart 1
### Destination countries of returnees

| | |
|---|---|
| United Arab Emirates | 28.8% |
| Malaysia | 19.5% |
| Qatar | 16.9% |
| Saudi Arabia | 9.3% |
| South Korea | 6.8% |
| Others | 18.7% |

### Chart 2: Duration of foreign employment




### Chart 3 : Returnees by skills' level





### Chart 4: Training status of returnees




### Chart 5: Returnees by abroad occupation (Major group)




### Chart 6: Applicability of skills training and certificate




## Major Demanded Occupations

### Existing Occupations


- Plumbing
- Vegetable farming
- Electrician
- Goat farming
- Fruit farming (Kiwi/dragon/avocado
- Waitress/waitress
- Buffalo farming

### Emerging Occupations

- Fruit farming (Kiwi/dragon/avocado
- AC/Washing machine repairing
- Heavy equipment operator (Grader/loader/roller/excavator)
- Floriculture/Nursery management
- Agriculture input supplier
- Tourist vehicle driver
- Dairy processing


# Synopsis of Research: Skills Needs Assessment of Conflict Victims

## Chart 1: Respondent HHs by training Status





- Surveyed households (HHs)
- TVET accessed households
- TVET acquired households
- Household members employed in training related field
- Training required households

## Chart 2: Respondent HHs by occupation




## Chart 3: Demand of TVET programs by sectors




Agriculture, forestry & fisheries — Short term training


Construction — Pre-diploma level

Agriculture — Diploma level

Service — Higher education level

Others

## Chart 4: Demand of TVET programs by level




## Major Demanded Occupations

### Short term vocational training programs

- Off seasonal vegetable production
- Goat farming
- Floriculture/Nursery management
- Junior plumber
- Heavy equipment operator
- Chinese cuisine cook
- Waiter/waitress
- Herbal /medicinal plant farming

### Pre-diploma level programs

- Agriculture (Animal science)
- Agriculture (Plant science)
- Ref & AC technician
- Mechanical engineering
- Auto-mechanical engineering

### Diploma level programs

- Diploma in Civil engineering
- Diploma in pharmacy
- Health assistant (Ayurveda)
- I. Sc. Agriculture animal Science
- I. Sc. Agriculture (Plant Science)

यस सम्बन्धी विस्तृत प्रतिवेदन परिषद्को वेवसाइट www.ctevt.org.np मा हेर्नसक्नु हुनेछ ।

## हार्दिक बधाई एवं शुभकामना



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सेवामा वि.सं. २०४८ सालमा प्रवेश गरी विभिन्न जिम्मेवारी सहित विभिन्न महाशाखाहरू हुँदै प्रशासन महाशाखाको निर्देशकको रूपमा कार्यरत श्री जीव नारायण काफ्लेज्यू मिति २०७८/०३/०७ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार परिषद्को सदस्य-सचिवमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना !

## हार्दिक बिदाई एवं शुभकामना



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्मा वि.सं. २०५१ सालमा कृषि प्रशिक्षकको रूपमा प्रवेश गरी विभिन्न महाशाखाहरूमा उपनिर्देशक र निर्देशकको भूमिका कुशलतापूर्वक सम्पन्न गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/०२/०९ को निर्णय अनुसार परिषद्को सदस्य सचिव पदमा नियुक्त भई चारवर्ष कार्यकाल सफलतापूर्वक सम्पन्न गरी मिति २०७८/०२/०८ बाट सेवा निवृत्त हुनुभएका डा. पुष्परमण वाग्लेज्यूलाई परिषद् परिवारको तर्फबाट हार्दिक बिदाई एवं अवकाश पछिको सुखमय जीवन तथा उत्तरोत्तर प्रगतिको शुभकामना !

# हार्दिक विदाई तथा सुखमय जीवनको शुभकामना

## २०७७ बैशाखदेखि परिषद् सेवाबाट अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरुको नामावली

| क्र.स. | नाम, थर | अवकाश हुँदाको पद | अवकाश मिति |
|---|---|---|---|
| १ | श्री शिवहरी ढकाल | अधिकृतस्तर प्रथम प्रा. | २०७७/०१/२० |
| २ | श्री बलबहादुर खड्का | कार्यालय सहयोगी | २०७७/०१/२७ |
| ३ | श्री भिमकान्त लामिछाने | अधिकृतस्तर द्वितीय प्रा. | २०७७/०२/१८ |
| ४ | श्री उषा नेपाली क्षेत्री | अधिकृतस्तर तृतीय प्र. | २०७७/०२/२६ |
| ५ | श्री रामचन्द्र ठाकुर | अधिकृतस्तर तृतीय प्रा. | २०७७/०४/१० |
| ६ | श्री गंगाबहादुर पूर्वछाने मगर | कार्यालय सहयोगी | २०७७/०४/२७ |
| ७ | श्री प्रकाशमान प्रधान | अधिकृतस्तर द्वितीय प्रा. | २०७७/०५/१३ |
| ८ | श्री निर्मलप्रसाद न्यौपाने | अधिकृतस्तर प्रथम प्रा. | २०७७/०६/१२ |
| ९ | श्री राजेन्द्र श्रेष्ठ | अधिकृतस्तर द्वितीय प्रा. | २०७७/०६/१३ |
| १० | श्री भगवान सिंह थापा | अधिकृतस्तर द्वितीय प्रा. | २०७७/०६/२९ |
| ११ | श्री विनय कुमार मिश्र | अधिकृतस्तर प्रथम प्रा. | २०७७/०७/०८ |
| १२ | श्री जगत बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | २०७७/०७/२९ |
| १३ | श्री टीकानिधी खनाल | अधिकृतस्तर द्वितीय प्र. | २०७७/०९/०३ |
| १४ | श्री राजेन्द्र प्रसाद दाहाल | कार्यालय सहयोगी | २०७७/०९/०४ |
| १५ | श्री चन्द्र बहादुर ठाडामगर | सहायकस्तर प्रथम प्रा. | २०७७/१०/०१ |
| १६ | श्री हिरा बहादुर शाही | अधिकृतस्तर तृतीय प्रा. | २०७७/१०/०२ |
| १७ | श्री आइतसिंह तामाङ | कार्यालय सहयोगी | २०७७/१०/१२ |
| १८ | श्री इश्वरी दत्त भट्ट | अधिकृतस्तर प्रथम प्रा. | २०७७/११/०५ |
| १९ | श्री राजेन्द्र प्रसाद दाहाल | कार्यालय सहयोगी | २०७७/११/२९ |
| २० | श्री शिवबहादुर जिरेल | कार्यालय सहयोगी | २०७७/१२/०८ |
| २१ | श्री भवनाथ त्रिपाठी | अधिकृतस्तर द्वितीय प्रा. | २०७८/०१/२९ |
| २२ | डा. पुष्परमण वाग्ले | सदस्य सचिव (विशिष्ट श्रेणी) | २०७८/०२/०९ |
| २३ | श्री शिवचन्द्र न्यौपाने | सहायकस्तर प्रथम | २०७८/०२/१४ |
| २४ | श्री मनोहरमान शाक्य | अधिकृतस्तर तृतीय प्रा. | २०७८/०२/१५ |
| २५ | श्री गौतम प्रसाद अधिकारी | सहायकस्तर प्रथम | २०७८/०३/१५ |
| २६ | श्री गोपाल नेपाली | कार्यालय सहयोगी | २०७८/०३/१५ |
| २७ | श्री हर्षनारायण मिश्र | कार्यालय सहयोगी | २०७८/०३/१५ |

Retirement is not the end of the road. It is the begining of the open highway.


# फोटो फिचर








CTEVT National Seminar on
TVET Sector Reform for Nation's Prosperity


CTEVT National Seminar on




पोखरा प्राविधिक शिक्षालय

